# वित्त कम्पनी सुपरिवेक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०७३/७४

**( FY 2016/17)**

# नेपाल राष्ट्र बैङ्क

## वित्त कम्पनी सुपरिवेक्षण विभाग

## २०७४

# विषय-सूची

## खण्ड (क)
## पृष्ठभूमि एवं नियमन व्यवस्था

१. नियमन व्यवस्था ........ ३

## खण्ड (ख)
## स्थलगत निरीक्षण

१. समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएका वित्त कम्पनीहरु ........ ८

## खण्ड (ग)
## गैरस्थलगत सुपरिवेक्षण

१. वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्रदान गर्दा दिइएका निर्देशनहरु ........ १०

## खण्ड (घ)
## विशेष, अनुगमन तथा अन्य निरीक्षण

१. विशेष निरीक्षण ........ १८

२. अनुगमन निरीक्षण ........ १८

## खण्ड (ङ)
## कार्यान्वयन

१. निर्देशन तथा कारवाहीहरु ........ १९

## खण्ड (च)
## नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि

१. जनशक्ति ........ २१

## अनुसूचीहरु

अनुसूची- १ वित्त कम्पनीहरूको सूची ........ २२

अनुसूची- २ वित्त कम्पनीहरूको प्रमुख वित्तीय परिसूचकहरू ........ २३

# खण्ड (क)
# पृष्ठभूमि एवं नियमन व्यवस्था

## खण्ड (क)

## पृष्ठभूमि एवं नियमन व्यवस्था

### १. पृष्ठभूमि

नेपाल राष्ट्र बैंक ऐन २०५८ का उद्देश्यहरु हासिल गर्न सम्पादन गर्नुपर्ने काम, कर्तब्य र अधिकारको प्रयोग गर्ने क्रममा सोही ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) ले प्रदान गरेको जिम्मेवारी बहन गर्दै बैंकिङ तथा वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त वित्त कम्पनीहरुको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन कार्य नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरीवेक्षण विभागले उक्त ऐनको दफा ८४ को परिधिभित्र रही सम्पादन गर्दै आएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको समग्र कारोवारलाई निरीक्षण तथा सुपरीवेक्षण गर्न २०६८ सालसम्म नेपाल राष्ट्र बैङ्कको संरचनामा बैङ्क सुपरीवेक्षण विभाग र वित्तीय संस्था सुपरीवेक्षण विभाग रहेकोमा वित्तीय संस्थाहरुको कारोवार क्षेत्र र कार्य प्रकृतिको आधारमा वित्तीय संस्था सुपरीवेक्षण विभागलाई विकास बैङ्क सुपरीवेक्षण विभाग र वित्त कम्पनी सुपरीवेक्षण विभाग गरी २ वटा विभागमा विभाजन गरी कार्य सम्पादन हुँदै आएको छ । आर्थिक वर्ष २०७३/७४ मा यस बिभागको सुपरिवेक्षकीय दायरा अन्तर्गत रहेका २५ वटा वित्त कम्पनीहरु र २ वटा हायर पर्चेज कर्जा कारोवार गर्ने संस्थाको समष्टिगत स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरीवेक्षण गरिएको छ । विभागको काम कारवाहीलाई ब्यवस्थित गर्न स्थलगत सुपरीवेक्षण तथा कार्यान्वयन इकाई, गैर स्थलगत सुपरीवेक्षण इकाई, नीति तथा योजना इकाई र आन्तरिक प्रशासन इकाई गरी ४ वटा इकाईहरुमा विभाजन गरी कार्य सम्पादन हुँदै आएको छ । नेपाल राष्ट्र बैंकले “क” वर्गका वाणिज्य बैंकहरुको जोखिममा आधारित सुपरिवेक्षण गर्न प्रारम्भ गरिसकेको र अन्य वर्गका वित्तीय संस्थाहरुको समेत सोही पद्धति अनुसार सुपरिवेक्षण गर्नु उपयुक्त देखिएको साथै, यस बैङ्कबाट इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्वन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा “सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४”, “सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३” र नेपाल राष्ट्र बैङ्कबाट “क”, “ख” र “ग” वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन समेतलाई दृष्टिगत गरी सबै वित्त कम्पनीहरुको निरीक्षण र सुपरीवेक्षण कार्य केन्द्रीय बैङ्कले सुदृढ बनाउँदै लैजानु पर्ने देखिएको छ ।

नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरीवेक्षण विनियमावली, २०७० को विनियम ४४ मा नीति योजना तथा अग्रदृष्टि विश्लेषण इकाईले प्रत्येक आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र विभागले सार्वजनिक जानकारीको लागि निरीक्षण तथा सुपरिवेक्षण गरेका वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धी वार्षिक प्रतिवेदन गभर्नरबाट स्वीकृत भएपछि प्रकाशन गर्नुपर्ने ब्यवस्था रहेको हुँदा आ.व २०७३/७४ मा वित्त कम्पनी सुपरिवेक्षण विभागबाट सम्पादन भएका कार्यहरुलाई सुपरीवेक्षण प्रतिवेदनमा समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत प्रतिवेदन अनुसूची १ मा उल्लेखित “ग” वर्गको इजाजतपत्रप्राप्त गरी कायम रहेका ३५ वटा वित्त कम्पनीहरुमध्ये यस विभागबाट आर्थिक वर्ष २०७३/७४ मा सुपरीवेक्षण सम्पन्न भएका २५ वटा वित्त कम्पनीहरु र २ वटा हायर पर्चेज कर्जा कारोवार गर्ने संस्थाको निरीक्षण तथा सुपरिवेक्षण लगायतका क्रियाकलापसँग सम्बन्धित रहेको छ ।

### २. वित्तीय संस्थाहरुको सुपरिवेक्षणको प्रमुख उद्देश्य

- स्वस्थ र सक्षम वित्तीय प्रणालीको विकास गर्ने,
- कुशल वित्तीय बजारको निर्माण गरी वित्तीय स्थायित्व कायम गर्ने,

- वित्तीय क्षेत्रमा प्रचलित नियम, कानुन तथा निर्देशनहरूको पालना गर्न लगाउने,
- वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण प्रणालीको विकास गराउने,
- स्वस्थ वित्तीय संस्थाहरू मार्फत विशेष गरी निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्ने, र
- वित्तीय परिसूचक मार्फत देखिने पूर्वसावधानी सङ्केतहरू (Early Warning Signals) का आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी समाधानका उपयुक्त उपाय अवलम्वन गर्ने ।

## ३. निरीक्षण तथा सुपरिवेक्षणका आधार

वित्त कम्पनीहरूको पुँजीको स्थिति, कर्जाको गुणस्तर, व्यवस्थापनको सक्षमता, संस्थागत सुशासन, प्रतिफलको दर, तरलता, वित्तीय स्वास्थ्य जस्ता पक्षहरूको देहायका आधारमा सुपरिवेक्षण गर्ने गरिएको छ :

- नेपाल राष्ट्र बैङ्क ऐन, २०५८,
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३,
- नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७०,
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४", र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३,
- नियमन व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन/मार्ग निर्देशनहरु,
- स्थलगत/गैरस्थलगत सुपरिवेक्षणका सन्दर्भमा दिइएका निर्देशनहरु,
- बासेल समितिले निर्धारण गरेका बैकिङ्ग सुपरिवेक्षण सम्बन्धी मापदण्डहरू,
- सुपरीवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित सिद्धान्तहरू (Best International Practices),
- वित्त कम्पनीहरुको प्रबन्धपत्र, नियमावली, साधारण सभा र सञ्चालक समितिबाट पारित निर्णय, नीति तथा निर्देशिकाहरु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखामान पद्धति ।

## ४. नियमन व्यवस्था

यस बैङ्कबाट ईजाजतपत्रप्राप्त “ग” वर्गका वित्त कम्पनीहरूका लागि आर्थिक वर्ष २०७३/७४ मा गरिएका प्रमुख व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | विषय | कायम गर्नुपर्ने व्यवस्था (प्रतिशतमा) |
|---|---|---|
| १ | **न्यूनतम पूँजी (जोखिम भारित सम्पत्तिको आधारमा)** | |
| | प्राथमिक पूँजी | ५.५ |
| | पूँजीकोष | ११ |
| २ | **कर्जा सापटको वर्गीकरण र नोक्सानी व्यवस्था** | |
| | असल (Pass) कर्जा/सापट (साँवा वा ब्याजले भाखा ननाघेको वा ३ महिनासम्म भाखा नाघेको) | १ |
| | सुक्ष्म निगरानी (Watch list) ( सावाँ वा व्याज तोकिएको अवधि भित्र भुक्तानी नभइ एक महिनाभन्दा बढी अवधिले वक्यौता रहेको कर्जा) | ५ |

| | | |
|---|---|---|
| | कमसल (Sub-standard) कर्जा/सापट (साँवा वा ब्याजले ३ महिनादेखि बढीमा ६ महिनासम्म भाखा नाघेका) | २५ |
| | शंकास्पद (Doubtful) कर्जा/सापट (साँवा वा ब्याजले ६ महिनादेखि बढीमा १ बर्षसम्म भाखा नाघेका) | ५० |
| | पुनरतालिकीकरण गरिएको - ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाइएको) तथा पुनर्संरचना गरिएको - कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गरिएको) कर्जा/सापट | १२.५ |
| | व्यक्तिगत/संस्थागत जमानीमा मात्र प्रवाहित कर्जामा सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थामा थप व्यवस्था (रु.१५ लाख सम्मको व्यक्तिगत कर्जा वाहेक) | २० |
| **३.** | **प्रतिग्राहक कर्जा सीमा -प्राथमिक पुँजीको आधारमा)** | |
| | कोषमा आधारित तथा गैरकोषमा आधारित दुबै कर्जाहरु गरी कुल सीमा | २५ |
| | जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन र केवलकार निर्माण परियोजनाका लागि कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा | ५० |
| ४. | **लगानी सम्बन्धी सीमा** | |
| | जग्गा विकास, आवासीय प्रयोजनको लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना सञ्चालन गर्ने र त्यस्ता घरजग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्य (बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुँजीको प्रतिशतमा) | २५ |
| | पब्लिक लि. कम्पनीको रुपमा स्थापना भएका आवास भवन निर्माण तथा जग्गा विकास (Housing and Land Development) परियोजनामा लगानी (बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुंजीको प्रतिशतमा) | १० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी (बढीमा ठिक अघिल्लो त्रयमासमा कायम प्राथमिक पुँजीको प्रतिशतमा) | १० |
| | सवै संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा लगानी -बढीमा आफ्नो प्राथमिक पुँजीको प्रतिशत) | ३० |
| | संगठित संस्थाहरु (“घ” वर्गको वित्तीय संस्था बाहेक) को शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | १० |
| | “घ” वर्गको वित्तीय संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | २५ |
| | वित्तीय स्वार्थ भएको कंपनीको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा आफ्नो प्राथमिक पुँजीको आधारमा कायम रहने सीमा | २० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभुतगर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | १० |
| | सबै संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभुतगर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | ५० |
| **५.** | **साप्ताहिक अनिवार्य मौज्दात अनुपात (२ सप्ताह अघिको कुल निक्षेप दायित्वको आधारमा)** | |

| | | |
|---|---|---|
| | चल्ती र/वा कल खाताको निक्षेप स्वीकार गरेमा | ४ |
| | चल्ती र/वा कल खाता बाहेकका अन्य निक्षेप मात्र स्वीकार गरेमा | २ |
| ६. | **बैधानिक तरलता अनुपात (अघिल्लो महिनाको मसान्तको कुल निक्षेप दायित्वको आधारमा कायम गर्नुपर्ने सीमा)** | |
| | चल्ती वा कल खाताको निक्षेप स्वीकार गरेमा | ८ |
| | चल्ती वा कल खाता निक्षेप संकलन नगरेमा | ६ |
| ७. | **वित्तीय स्रोत सङ्कलन सीमा** | |
| | सापटी श्रोत परिचालन (कुल निक्षेप दायित्वको आधारमा) | २५ |
| | वित्तीय श्रोत (ब्याज वा विना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) को संकलन (प्राथमिक पुँजीको आधारमा) | १५ (गुणा) |
| | कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट परिचालन गरिने संस्थापक निक्षेप दायित्व (कुल निक्षेप दायित्वको आधारमा) | २० |
| | कूल निक्षेपमा संस्थागत निक्षेपको अंश | ५० |
| ८. | **उत्पादनशील क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जा सापटीको** | १० |
| ९. | **विपन्न वर्ग कर्जा (त्रैमासिक रुपमा)** | |
| | ६ महिना अघिको कर्जा तथा सापटको आधारमा प्रवाह गर्नुपर्ने विपन्न वर्ग कर्जा तथा लगानीको न्युनतम सीमा | ४ |

# खण्ड (ख)
# स्थलगत निरीक्षण

## खण्ड (ख)

## स्थलगत निरीक्षण

यस विभागबाट वित्त कम्पनीहरुको समग्र वित्तीय स्थिति लगायत प्रचलित ऐन, नियम, नीति तथा यस बैङ्कबाट समय समयमा जारी गरिएका निर्देशनहरूको पालनाको स्थितिका सम्बन्धमा स्थलगत निरीक्षणबाट मूल्याङ्कन गर्ने गरिएको छ । स्थलगत निरीक्षणको लागि आवश्यक कागजातहरु तयार गर्न सम्बन्धित संस्थालाई सामान्यतया स्थलगत निरीक्षणमा जाने मितिले ७ दिन अगावै सूचना गरिन्छ । स्थलगत निरीक्षण समष्टिगत स्वरुपको हुने भएकोले CAMELS (Capital adequecy, Assets quality, Management, Earning, Liquidity and Sensitivity to Market Risk Rating) को आधारमा वित्त कम्पनीहरुको मूल्याङ्कन गरिन्छ । साथै, सम्वन्धित संस्थाको जोखिम पक्षहरुलाई समेत मध्यनजर गरी निरीक्षण कार्य गरिन्छ । स्थलगत निरीक्षण अन्तर्गत छनौटको आधारमा संस्थाका शाखाहरू तथा संस्थाले लगानी गरेका परियोजनाहरू समेत निरीक्षण गरिन्छ ।  वित्त कम्पनीहरुको कामकारवाहीबाट निक्षेपकर्ता एवं लगानीकर्ताहरुको हित संरक्षण भए/नभएको सुनिश्चित गर्न स्थलगत निरीक्षणले विस्तृत जानकारी प्रदान गर्दछ । प्रत्येक वर्ष सबै वित्त कम्पनीहरुको स्थलगत निरीक्षण गर्ने गरी लक्ष्य निर्धारण गर्ने गरिएको छ ।

नेपाल राष्ट्र बैङ्कबाट “ग” वर्गको इजाजतपत्रप्राप्त गरी कायम रहेका ३५ वटा वित्त कम्पनीहरुमध्ये आर्थिक वर्ष २०७३/७४ मा देहाय अनुसारका २५ वटा वित्त कम्पनीहरु र २ वटा हायर पर्चेज कर्जा कारोवार गर्ने संस्थाको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ :

| क्र. सं. | वित्त कम्पनीको नाम | निरीक्षण मिति | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | नेपाल फाइनान्स लिमिटेड, कमलादी, काठमाण्डौं | – | – | मिति २०७१।८।१७ मा समस्याग्रस्त घोषित |
| २. | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड, रामशाहपथ, काठमाण्डौं | – | – | मिति २०६८।९।८ मा समस्याग्रस्त घोषित |
| ३. | गुडविल फाइनान्स लिमिटेड, डिल्लीबजार, काठमाण्डौ | २०७४।०१।१७ | २०७४।०१।२९ | |
| ४. | ललितपुर फाइनान्स लि. लगनखेल, ललितपुर | – | – | ०७४।८।१९ को सञ्चालक समितिको ४० औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ५. | युनाइटेड फाइनान्स लिमिटेड, दरवारमार्ग, काठमाण्डौं | २०७३।०५।१९ | २०७३।०५।२७ | |
| ६. | बेष्ट (जनरल) फाईनान्स लि., चाबहिल, काठमाण्डौ | – | – | २०७३।८।२७ मा समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ७. | प्रोग्रेसिभ फाइनान्स लिमिटेड, न्यूरोड | २०७३।०८।१९ | २०७३।०८।२४ | |
| ८. | *जानकी फाइनान्स लिमिटेड, जनकपुर, धनुषा | २०७४।०२।०६ | २०७४।०२।१५ | |
| ९. | पोखरा फाइनान्स लिमिटेड, पोखरा, कास्की | २०७३।१२।०१ | २०७३।१२।१० | |
| १० | अरुण फाईनान्स लिमिटेड, धरान | – | – | ०७३।१०।१२ को सञ्चालक समितिको ६६ औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |

| | | | | |
|---|---|---|---|---|
| ११ | #मल्टीपरपस फिनान्स कं.लि. राजविराज, सप्तरी | २०७४।०२।०६ | २०७४।०२।१३ | |
| १२ | *सृजना फाइनान्स लिमिटेड, विराटनगर, मोरङ्ग | २०७३।११।१६ | २०७३।११।२६ | |
| १३ | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लिमिटेड हेटौंडा, मकवानपुर | | | **मिति २०७०।१।५ मा समस्याग्रस्त घोषित ।** |
| १४ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड बत्तिसपुतली, काठमाण्डौ | | | **मिति २०६९।१०।९ मा समस्याग्रस्त घोषित ।** |
| १५ | क्रिष्टल फाइनान्स लिमिटेड थापाथली, काठमाण्डौ | | | **मिति २०६९।६।७ मा समस्याग्रस्त घोषित ।** |
| १६. | गुहेश्वरी म. बैकिङ्ग एण्ड फा. लिमिटेड, ललितपुर | २०७३।०९।२० | २०७३।०९।२८ | |
| १७ | आईसिएफसी फाइनान्स लिमिटेड, भाटभटेनी, काठमाण्डौं | २०७३।०५।२६ | २०७३।०६।०५ | |
| १८. | कुबेर मर्चेण्ट फाइनानस लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौं | | | ०७४।८।१९ को सञ्चालक समितिको ४० औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| १९. | #सेती फाइनान्स लिमिटेड, टिकापुर, कैलाली | २०७३।११।१६ | २०७३।११।२३ | सेञ्चुरी कमर्सियल बैंकले एक्वायर गरी २०७४।८।२४ बाट एकीकृत कारोवार सुरु । |
| २०. | मञ्जुश्री फाइनान्स लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं | २०७४।०२।२१ | २०७४।०२।३० | |
| २१ | जेविल्स फाइनान्स लिमिटेड, न्यूरोड, काठमाण्डौं | २०७३।०८।१९ | २०७३।०८।२६ | |
| २२. | सिनर्जी फाइनान्स लिमिटेड, बुटवल, रुपन्देही | २०७३।०४।१६ | २०७३।०४।२४ | |
| २३. | रिलायन्स फाइनान्स लिमिटेड, लिमिटेड, प्रदर्शनीमार्ग | २०७३।०४।१६ | २०७३।०४।२४ | |
| २४. | गोर्खाज फाइनान्स लिमिटेड, डिल्लीबजार | २०७३।०९।२० | २०७३।०९।२८ | |
| २५. | श्रीइन्भेष्टमेण्ट एण्ड फाइनान्स लिमिटेड, डिल्लीबजार | २०७४।०३।०३ | २०७४।०३।०८ | |
| २६. | सेन्ट्रल फाइनान्स लिमिटेड, कुपण्डोल, ललितपुर | २०७३।०६।०९ | २०७३।०६।१६ | |
| २७ | एन.आई.डि.सि.क्यापिटल मार्केट | २०७३।०५।१९ | २०७३।०५।२७ | सनराइज बैंकले एक्वाएर गरी २०७३।१०।२८ बाट एकिकृत कारोवार गरेको । |
| २८ | भक्तपुर फाइनान्स लिमिटेड, भक्तपुर | २०७३।११।०८ | २०७३।११।१७ | सेन्ट्रल फाइनान्स लि. संग मर्ज भई २०७३।१२।१० बाट एकिकृत कारोवार शुरु गरेको । |
| २९ | पश्चिमाञ्चल फाईनान्स लिमिटेड, बुटबल | २०७३।०७।२१ | २०७३।०८।०४ | कुमारी वैक लि.ले एक्वाएर गरी २०७४।३।१२ बाट एकिकृत कारोवार गरेको । |
| ३० | हामा मर्चेण्ट एण्ड फा. लिमिटेड, त्रिपुरेश्वर | २०७३।११।०८ | २०७३।११।१५ | सिभिल वैक लि. ले (एक्वाएर) गरी २०७४।३।१८ बाट एकिकृत कारोवार गरेको । |
| ३१ | युनिक फाइनान्स लिमिटेड, न्यूप्लाजा, पुतलीसडक | २०७४।०१।२० | २०७४।०१।२६ | सिभिल वैक लि. ले एक्वाएर गरी २०७४।३।१८ बाट |

| | | | | |
|---|---|---|---|---|
| | | | | एकिकृत कारोवार गरेको । |
| ३२ | लुम्विनी फाइनान्स एण्ड लिजिंग लि., ठमेल, काठमाण्डौं | २०७३।०८।२१ | २०७३।०८।३० | भिवोर सोसाइटी डेभलपमेण्ट बैंक लि संग मर्ज भई लुम्बिनी विकास बैंकको नाममा २०७४।३।२५ बाट एकिकृत कारोवार गरेको । |
| ३३ | सगरमाथा फाइनान्स लिमिटेड, ललितपुर | २०७३।०४।१६ | २०७३।०४।२६ | सेञ्चुरी कमर्सियल बैंक लि. ले एक्वाएर गरी ०७४।३।३० बाट एकिकृत कारोवार शुरु गरेको । |
| ३४ | # नमस्ते वित्तिय संस्था लिमिटेड, घोराही, दाङ्ग | २०७३।१२।०१ | २०७३।१२।०८ | वेस्टन डेभलपमेण्ट बैंक संग मर्ज भई मिति २०७४।६।२९ बाट एकीकृत कारोवार सुरु |
| ३५ | युनियन फाइनान्स लिमिटेड, नारायणचौर, नक्साल, | – | – | देव विकाश बैंकले एक्वाएर गरी मिति २०७४।७।२३ बाट एकीकृत कारोवार सुरु । |
| | **हायर पर्चेज कर्जा कारोवार गर्ने संस्था** | | | |
| १ | स्याकर इनभेसमेण्ट प्रा.लि | २०७४।३।१४ | २०७४।३।१५ | |
| २ | वतास इनभेष्टमेण्ट कं.प्रा.लि | २०७४।३।१७ | २०७४।३२० | |

*** ३ जिल्ला कार्यक्षेत्र**

**# १ जिल्ला कार्यक्षेत्र**

# खण्ड (ग)
# गैरस्थलगत सुपरीवेक्षण

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८४ मा भएको व्यवस्था बमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त ग वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशानुसार सबै वित्त कम्पनीहरूबाट प्राप्त वित्तीय विवरण लगायतका तथ्याङ्क एवं सूचनाका आधारमा गैरस्थलगत सुपरीवेक्षण गर्ने गरिएको छ । गैरस्थलगत सुपरीवेक्षण प्रतिवेदनले पूर्वचेतावनी सङ्केत (Early Warning Signals) प्रदान गर्ने भएकोले सम्बन्धित वित्तीय संस्थालाई बेलैमा सुधारात्मक उपायहरू अवलम्बन गर्न निर्देशन दिन सहयोग पुऱ्याउँदछ । नेपाल राष्ट्र बैङ्क, निरीक्षण तथा सुपरीवेक्षण विनियमावली, २०७० लागू भएपछि विशेष गरी वित्त कम्पनीहरुको पूँजीको पर्याप्तता, कर्जा बर्गीकरण, क्षेत्रगत कर्जा तथा कर्जा नोक्सानी व्यवस्थापन, आम्दानीको अवस्था, तरलता र निक्षेपको अवस्था, वजार सम्वेदनशिलता  लगायतका विवरणहरुको विश्लेषण सहितको गैरस्थलगत सुपरीवेक्षण गर्ने गरिएको छ । आर्थिक बर्ष २०७३/७४ मा यस विभागको सुपरिवेक्षकीय दायरामा रहेका वित्त कम्पनीहरूको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै सोको पालना अवस्था सम्बन्धमा अनुगमन समेत गरिएको छ । वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा आवश्यकता अनुसार निर्देशनहरु समेत दिने गरिएको छ ।

## १. वित्त कम्पनीहरुको वित्तीय विश्लेषण

विभागको सुपरीवेक्षकीय दायराभित्र रहेका वित्त कम्पनीहरुको अपरिस्कृत वित्तीय विवरणको आधारमा तयार गरिएको समग्र वित्तीय अवस्था निम्न बमोजिम रहेको छ :

### १.१ प्राथमिक पूँजी तथा पूँजीकोष

रु. करोडमा

| विवरण | ०६९/७० | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२/७३ | ०७३/७४ |
| प्राथमिक पुंजी | १२१० | १२१४ | १३३६ | १२५३ | १०७८ | **-६.२१** | **-१३.९७** |
| पुंजीकोष | १२७२ | १२६३ | १४०० | १३१० | ११३० | **-६.४३** | **-१३.७४** |
| जोखिम भारित सम्पत्ति | ८७०९ | ६०२० | ६९४९ | ६४०२ | ५३१९ | **-७.८७** | **-१६.९२** |
| प्राथमिक पुंजी/जोखिम भारित सम्पत्ति अनुपात (%) | १३.८९ | २०.१७ | १९.२३ | १९.५८ | २०.२६ | | |
| पुंजीकोष/जोखिम भारित सम्पत्ति अनुपात (%) | १४.६० | २०.९८ | २०.१५ | २०.४७ | २१.२५ | | |

आर्थिक बर्ष २०७३/७४ मा वित्त कम्पनीहरुको कुल पूँजीकोष अघिल्लो आ.ब.को रु.१,३१० करोडको तुलनामा १३.७४ प्रतिशतले घट्न गई रु १,१३० करोड भएको छ भने प्राथमिक पुँजी रु १,२५३ करोडबाट १३.९७ प्रतिशतले घटेर रु. १,०७८ करोड कायम भएको छ । संस्थाहरु मर्ज तथा प्राप्तीका कारण वित्त कम्पनीहरुको संख्या घट्दै गएको हुँदा कुल पुँजीकोष घटेको हो । आर्थिक वर्ष २०७३/७४ मा जोखिम भारित सम्पत्तिसँग प्राथमिक पुँजी अनुपात २०.२६ प्रतिशत रहेको छ भने जोखिम भारित सम्पत्तिसंग पुँजीकोष अनुपात २१.२५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७२/७३ मा यस्तो अनुपात क्रमशः १९.५८ र २०.४७ प्रतिशत रहेको थियो ।

## १.२ जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात

रु. करोडमा

| विवरण | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२/७३ | ०७३/७४ |
| कुल सम्पत्ति | १०८५५ | ७९१३ | ८६६८ | ८०६५ | ६७७२ | -६.९६ | -१६.०३ |
| जोखिम भारित सम्पत्ति | ८७०९ | ६०२० | ६९४९ | ६४०२ | ५३१९ | | |
| जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात (प्रतिशतमा) | ८०.२४ | ७६.०८ | ८०.१७ | ७९.३९ | ७८.५४ | | |

२०७४ साल असार मसान्तमा वित्त कम्पनीहरूको कुल सम्पत्ति २०७३ साल असार मसान्तको तुलनामा १६.०३ प्रतिशतले घटेर रु.६,७७२ करोड हुन आएको छ । २०७३ साल असार मसान्तमा कुल सम्पत्ति अघिल्लो आर्थिक वर्षको तुलनामा ६.९६ प्रतिशतले घटेको थियो । २०७४ असार मसान्तमा कुल सम्पत्तिमा जोखिम भारित सम्पत्तिको अनुपात ७८.५४ प्रतिशत रहेको छ जुन अघिल्लो आर्थिक बर्षमा ७९.३९ प्रतिशत रहेको थियो ।

## १.३ लगानी

रु. करोडमा

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | | ०७२/७३ | ०७३/७४ |
| सरकारी सुरक्षणपत्र | २२७ | २४८ | ३३१ | १५२ | ३३.४७ | -५४.०८ |
| शेयर तथा डिवेञ्चर | ९९ | १३४ | १०९ | १३० | -१८.६६ | १९.२७ |
| अन्य लगानी | ३७ | २५ | २२ | ९ | -१२.०० | -५९.०९ |
| कुल लगानी | ३६३ | ४०७ | ४६२ | २९१ | १३.५१ | -३७.०१ |
| प्राथमिक पूँजी | १२१४ | १३३६ | १२५३ | १०७८ | | |
| शेयर तथा डिवेञ्चर लगानी/ प्राथमिक पूँजी अनुपात (% मा) | ८.१५ | १०.०३ | ८.७० | १२.०६ | | |

२०७४ साल असारमसान्तमा वित्त कम्पनीहरुको कुल लगानी रु.२९१ करोड रहेको छ, जुन २०७३ साल असारको कुल लगानी रु.४६२ करोडको तुलनामा ३७.०१ प्रतिशतले घटी हो ।

## १.४ कर्जा तथा सापटको वर्गीकरण

रु करोडमा


| विवरण | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२/७३ | ०७३/७४ |
| सक्रिय कर्जा | ६२१७ | ४७३५ | ५४३६ | ४७४८ | ४२५३ | -१२.६६ | -१०.४२ |
| निष्कृय कर्जा | ९४२ | २८३ | २७६ | २८७ | १३५ | ३.९९ | -५२.९६ |
| कूल कर्जा तथा सापट | ७१५९ | ५०१८ | ५७१२ | ५०३५ | ४३८८ | -११.८५ | -१२.८५ |
| कुल कर्जा नोक्सानी व्यवस्था | १०९६ | २७८ | २८६ | ३२० | १६५ | ११.८९ | -४८.४४ |
| कुल कर्जा नोक्सानी व्यवस्था/कुल कर्जा | १५.३१ | ५.५४ | ५.०१ | ६.३५ | ३.७७ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुपात (प्रतिशतमा) | | | | | |
| निष्कृय कर्जा अनुपात (प्रतिशतमा) | १३.१६ | ५.६४ | ४.८३ | ५.७० | ३.०८ |

२०७४ साल असार मसान्तमा वित्त कम्पनीहरुको निष्कृय कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५२.९६ प्रतिशतले घटन गई रु. १३५ करोड भएको छ। गत वर्षको सोही अवधिमा उक्त कर्जा रु.२८७ करोड रहेको थियो । समीक्षा अवधिमा कुल कर्जा तथा सापटमा निष्कृय कर्जाको अनुपात ३.०८ प्रतिशत कायम रहन गएको छ। निष्कृय कर्जाको अनुपात गत अवधिमा ५.७ प्रतिशत र आ.व. २०७१/७२ मा ४.८३ प्रतिशत रहेको थियो। वित्त कम्पनीहरुको कर्जा तथा सापट सम्बन्धी बिवरण रेखाचित्र १ मा प्रस्तुत गरिएको छ।

रेखाचित्र १

कर्जा तथा सापट (रु.करोडमा)




श्रोत: नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरीवेक्षण विभाग।

समीक्षा अवधिमा वित्त कम्पनीहरुको कूल कर्जा सापट गत अवधिको तुलनामा १२.८५ प्रतिशतले घटेर रु ४,३८८ करोड भएको छ। गत बर्ष सो कर्जा रु. ५,०३५ करोड रहेको थियो।

## १.५ कर्जा र निक्षेप अनुपात

रु करोडमा


| विवरण | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२/७३ | ०७३/७४ |
| कर्जा तथा सापट | ७१५९ | ५०१८ | ५७१२ | ५०३५ | ४३८९ | -११.८५ | -१२.८३ |
| निक्षेप | ७६८० | ५८५४ | ६६७६ | ६१५३ | ५००६ | -७.८३ | -१८.६४ |
| कर्जा/निक्षेप अनुपात (%) | ९३.२२ | ८५.७२ | ८५.५६ | ८१.८२ | ८७.६६ | | |
| कर्जा /(प्राथमिक पूँजी तथा निक्षेप) अनुपात (%) | ८०.५३ | ७१.०० | ७१.२९ | ६७.९७ | ७३.५१ | | |

वित्त कम्पनीहरुको समग्र कर्जा/निक्षेप अनुपात २०७४ साल असार मसान्तमा ८७.६६ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो अनुपात ८१.८२ प्रतिशत रहेको थियो। त्यस्तै, समीक्षा अवधिमा कर्जा/(प्राथमिक पूँजी तथा निक्षेप) अनुपात ७३.५१ प्रतिशत रहेको छ भने गत

वर्षको सोही अवधिमा यस्तो अनुपात ६७.९७ प्रतिशत रहेको थियो । कर्जा /प्राथमिक पूँजी तथा निक्षेप) अनुपात सम्बन्धी बिवरण रेखाचित्र २ मा प्रस्तुत गरिएको छ ।

रेखाचित्र २

कर्जा /प्राथमिक पूँजी तथा निक्षेप) अनुपात (प्रतिशतमा)




श्रोतः नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरीवेक्षण विभाग ।

## १.६ गैरबैंकिङ सम्पत्ति


रु. करोडमा

| विवरण | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२/७३ | ०७३/७४ |
| गैरबैंकिङ सम्पत्ति | ८१ | ६३ | ५४ | ८४ | ३३ | ५५.५६ | -६०.७१ |
| कुल सम्पत्ति | १०८५५ | ७९१३ | ८६६८ | ८०६५ | ६७७२ | -६.९६ | -१६.०३ |
| गैरबैकिङ सम्पत्ति/ कूल सम्पत्ति अनुपात | ०.७५ | ०.८० | ०.६२ | १.०४ | ०.४९% | | |

समीक्षा वर्षमा वित्त कम्पनीहरुको गैरबैंकिङ सम्पत्ति ६०.७१ प्रतिशतले घटेर रु.३३ करोडमा सीमित भएको छ । गत बर्ष यस्तो सम्पत्ति रु. ५४ करोड रहेको थियो । त्यस्तै, कुल सम्पत्तिमा गैरबैकिङ सम्पत्तिको अनुपात गत वर्षको असार मसान्तमा १.०४ प्रतिशत रहेकोमा समीक्षा वर्षको सोही अवधिमा यस्तो अनुपात ०.४९ प्रतिशत मात्र रहेको छ । गैर बैंकिंग सम्पति/कूल सम्पति अनुपातलाई रेखाचित्र ३ मा प्रस्तुत गरिएको छ ।

रेखाचित्र ३

गैर बैंकिंग सम्पति/कूल सम्पति अनुपात (प्रतिशतमा)




श्रोतः नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरीवेक्षण विभाग ।

## १.७ प्रतिफलको स्थिति


रु करोडमा

| विवरण | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२/७३ | ०७३/७४ |
| ब्याज आम्दानी | १०७४ | ७४९ | ७९७ | ६६२ | ६११ | -१६.९४ | -७.७० |
| ब्याज खर्च | ७१६ | ४७० | ४६७ | ३६८ | ३५३ | -२१.२० | -४.०८ |
| सञ्चालन आम्दानी | २६९ | ३७८ | ३६५ | १६७ | १८६ | -५४.२५ | ११.३८ |
| खुद नाफा/नोक्सान | ११२ | १३९ | १७२ | १९४ | १९० | १२.७९ | -२.०६ |

गत वर्ष वित्त कम्पनीहरुको ब्याज आम्दानी रु. ६६२ करोड रहेकोमा समीक्षा वर्ष रु.६११ करोड मात्र भएको छ। त्यस्तै, ब्याज खर्च गत वर्ष ३६८ करोड भएकोमा समीक्षा वर्ष घटेर रु. ३५३ करोड रहेको छ। वित्त कम्पनीहरुको सञ्चालन आम्दानी भने गत वर्ष रु.१६७ रहेकोमा समीक्षा वर्षमा बढेर रु.१८६ करोड पुगेको छ। त्यसैगरी, यी कम्पनीहरुको खुद नाफा गत वर्ष रु.१९४ करोड रहेकोमा समीक्षा वर्ष रु.१९० करोडमा सीमित भएको छ। वित्त कम्नीहरुको प्रतिफलको स्थितिलाई रेखाचित्र ४ मा प्रस्तुत गरिएको छ।

रेखाचित्र ४

प्रतिफलको स्थिति (रु. करोडमा)




श्रोत: नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरीवेक्षण विभाग।

## १.८ तरलता

रु करोडमा

| विवरण | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ०७२/७३ | ०७३/७४ |
| नगद | १८२ | ९०० | ९९ | १०३ | १०८ | ४.०४ | ४.८५ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३०८ | २१४ | २६९ | २५७ | २१२ | -४.४६ | -१७.५१ |
| अन्य बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १०१० | १७६ | १८२२ | २१२० | १२६२ | १६.३६ | -४०.४७ |
| सरकारी सुरक्षणपत्रमा लगानी | १८४ | २२७ | २४८ | ३३१ | १५२ | ३३.४७ | -५४.०८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल तरल सम्पत्ति | १६८५ | १५१७ | २४३८ | २८११ | १७३४ | १५.३० | -३८.३१ |
| निक्षेप | ६७८० | ५८५४ | ६६७६ | ६१५३ | ५००६ | | |
| तरल सम्पत्ति/कुल निक्षेप अनुपात | २१.९३ | २५.९१ | ३६.५२ | ४५.६८ | ३४.६४ | | |

वित्त कम्पनीहरुको तरल सम्पत्ति २०७४ साल असार मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३८.३१ प्रतिशतले ह्रास भई रु.१,७३४ करोडमा सीमित भएको छ । अघिल्लो आर्थिक वर्षमा तरल सम्पत्ति रु.२,८११ करोड रहेको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा २०७४ साल असार मसान्तमा वित्त कम्पनीहरुसँग रहेको नगद मौज्दात ४.८५ प्रतिशतले बृद्धि भई रु.१०८ करोड पुगेको छ । गत वर्ष सो मौज्दात रु.१०३ करोड रहेको थियो । वित्त कम्पनीहरुले सरकारी सुरक्षणपत्रमा गरेको लगानी भने आर्थिक वर्ष २०७३/०७४ मा ५४.०८ प्रतिशतले ह्रास आई रु.१५२ करोड भएको छ । गत वर्ष सो लगानीमा रहेको रकम रु.३३१ करोड रहेको थियो ।

वित्त कम्पनीहरुको तरल सम्पति कुल निक्षेप अनुपात आर्थिक बर्ष २०७३/७४को अन्तमा ३४.६४ प्रतिशत रहेको छ । आर्थिक बर्ष २०७२/७३ र आर्थिक बर्ष २०७१/७२ मा यस्तो अनुपात क्रमशः ४५.६८ प्रतिशत र ३६.५२ प्रतिशत रहेको थियो ।

### १.९ वित्तीय स्रोत (सापटी तथा निक्षेप) परिचालन

रु करोडमा

| **विवरण** | ०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | **परिवर्तन प्रतिशत** | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | **०७२/७३** | **०७३/७४** |
| निक्षेप | ७६८० | ५८५४ | ६६७६ | ६१५३ | ५००६ | -७.८३ | -१८.६४ |
| सापटी | १३६ | ४२ | ४२ | २५३ | १२३ | ५०२.३८ | -५१.३८ |
| कुल वित्तीय स्रोत | ७८१६ | ५८९६ | ६७१८ | ६४०६ | ५१२९ | -४.६४ | -१९.९३ |
| अघिल्लो त्रयमासको प्राथमिक पूँजी | १२१० | १२१४ | १३३६ | १४६० | ९६४ | | |
| वित्तीय स्रोत सङ्कलन/ अघिल्लो त्रैमासको प्राथमिक पूँजी (गुणा) | ६.४६ | ४.८६ | ५.०३ | ४.३९ | ५.३२ | | |

२०७४ साल असार मसान्तमा वित्त कम्पनीहरूको निक्षेप रु. ५,००६ करोड र सापटी रु .१२३ करोड गरी कुल वित्तीय स्रोत रु.५,१२९ करोड रहेको छ जुन रकम गत वर्षको सोही अवधिको तुलनामा १९.९३ प्रतिशतले कमी हो । गत वर्षको उक्त अवधिमा यी वित्त कम्पनीहरुको कुल वित्तीय स्रोत रु.६,४०६ करोड रहेको थियो । त्यसैगरी, २०७४ असार मसान्तमा वित्त कम्पनीहरुको वित्तीय स्रोत सङ्कलन अनुपात प्राथमिक पूँजीको ५.३२ गुणा भएको छ । गत वर्षको सोही अवधिमा यो अनुपात प्राथमिक पूँजीको ४.३९ गुणा रहेको थियो ।

## २. वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरुः

यस विभागको सुपरीवेक्षकीय दायराभित्र रहेका १० वटा वित्त कम्पनीहरुलाई संस्थाको वाह्य लेखा परीक्षण प्रतिवेदनका आधारमा गैरस्थलगत सुपरीवेक्षण गरी वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका मुख्य निर्देशनहरु देहाय बमोजिम रहेका छन् :

## २.१ गुडविल फाइनान्स लिमिटेड

यस बैंकको निरीक्षणबाट औंल्याएका र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन ।

## २.२ यूनाईटेड फाइनान्स लिमिटेड

लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पूनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

## २.३ बेष्ट फाइनान्स कम्पनी लिमिटेड

(क) समस्याग्रस्त संस्थाबाट फुकुवा गर्दा दिएका पालना हून बांकी शर्तहरु पालना गर्नु हुन साथै यस बैंकको निरीक्षणवाट औंल्याएका कैफियतहरु सुधार गरी निर्देशनहरुको पालना गर्न र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गरी त्यस्ता कैफियतहरु पुनः नदोहोरिने व्यवस्था मिलाउनु हुन ।

(ख) २०७४ असार मसान्तमा संस्थाको निष्कृय कर्जा ८४.९३ प्रतिशतले उच्च रहेकोले कर्जा जोखिम अत्यधिक देखिएको हुँदा निष्कृय कर्जाको उचित व्यवस्थापन गरी कर्जा जोखिम न्युनीकरण गर्नु हुन ।

## २.४ जानकी फाइनान्स कम्पनी लिमिटेड

(क) यस बैंकवाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

(ख) ऋणी शिवम् कन्सट्रक्सन, असोक सप्लायर्स, आयुष मोटर पार्टर्स वर्कसप, नेपाल पोल इण्डष्ट्रिज जस्ता विभिन्न कम्पनी तथा फर्मलाई प्रवाहित कर्जाहरुको अनुगमन गरी सदुपयोगिताको यकिन गर्नु हुन ।

(ग) २०७४ असार मसान्तमा संस्थाको निष्कृय कर्जा ८.३१ प्रतिशत रहेको हुँदा निष्कृय कर्जाको उचित व्यवस्थापन गर्नु हुन ।

(घ) कर्जा निकासा गर्दा खातामार्फत वा एकाउण्ट पेयी चेकवाट मात्र गर्ने गर्नु हुन ।

(ङ) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १४(१) को पालना हुने गरी संचालक समितिको संख्या कायम गर्नु हुन ।

## २.५ अरुण फाइनान्स लिमिटेड

(क) मिति २०७३/१०/१९ को पत्र मार्फत समस्याग्रस्त संस्थाबाट फुकुवा गर्दा दिएका पालना हुन बाँकी शर्तहरु पालना गर्नु हुन साथै यस बैंकको निरीक्षणवाट औंल्याएका कैफियतहरु सुधार गरी निर्देशनहरुको पालना गर्न र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउनु हुन ।

(ख) ब्याजदर अन्तर र विपन्न वर्गमा प्रवाह गर्नू पर्ने कर्जा सम्वन्धी यस बैंकको निर्देशनको पालना गर्नु हुन ।

(ग) यस बैंकको निर्देशन बमोजिम खूद मुनाफाको १.० प्रतिशत रकम समाजिक उत्तरदायित्व कोषमा छुट्टयाउनु हुन ।

(घ) सिटिजन इन्भेष्टमेण्ट ट्रष्टलाई भुक्तानी गर्नु पर्ने ब्याज रकम लेखांकन गर्नु हुन ।

### २.६ सिर्जना फाइनान्स लिमिटेड

(क) यस बैंकले दिएका निर्देशन तथा लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन ।

(ख) संस्थाको ब्याजदर अन्तर यस बैंकले तोकेको सीमा भन्दा बढी भएको सन्दर्भमा सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई सजग गराइएको छ । आगामी दिनमा उक्त ब्याजदर अन्तरलाई तोकिएको सीमाभित्र ल्याउन निर्देशन दिइएको छ ।

### २.७ गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड

(क) यस बैंकवाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

(ख) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १४(१) को पालना हुने गरी संचालक समितिको संख्या कायम गर्नु हुन ।

### २.८ आइ.सि.एफ.सि.फाइनान्स लिमिटेड

लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु पूर्ण रुपले सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

### २.९ सेती फाइनान्स लिमिटेड (सेन्चुरी कमर्सियल बैंक लिमिटेडले एक्वायर गरेको)

यस बैंकवाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

### २.१०नमस्ते वित्तीय संस्था लिमिटेड (वेस्टन डेभलपमेण्ट बैंकसँग मर्ज)

यस बैंकवाट दिएका निर्देशनहरुको कार्यान्वयन गर्नु हुन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउन हुन ।

## ३. आ.व. २०७३/७४ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति लिने सम्बन्धमा :

आर्थिक वर्ष २०७३/७४ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्नको लागि हालसम्म १० वटा वित्त कम्पनीहरुले यस विभागबाट स्वीकृति लिईसकेका छन् । विभागको सुपरिवेक्षकीय दायरामा रहेका देहायका वित्त कम्पनीहरुले आर्थिक वर्ष २०७३/७४ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्नको लागि यस विभागबाट स्वीकृति लिन बाँकी रहेको छ :

| सि.नं. | वित्त कम्पनीको नाम |
|---|---|
| १ | ललितपुर फइनान्स लिमिटेड, लगनखेल, ललितपुर । |
| २ | प्रोग्रेसिभ फाइनान्स लिमिटेड, न्यूरोड |
| ३ | पोखरा फाइनान्स लिमिटेड, पोखरा, कास्की |
| ४ | मल्टीपर्पस फाइनान्स कम्पनी लिमिटेड, राजविराज, सप्तरी |
| ५ | सिटि एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेड, ज्ञानेश्वर । |
| ६ | मञ्जुश्री फाइनान्स लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौ |
| ७ | जेविल्स फाइनान्स लिमिटेड, न्यूरोड, काठमाण्डौं |
| ८ | सिनर्जी फाइनान्स लिमिटेड, बुटवल, रुपन्देही |
| ९ | रिलायन्स फाइनान्स लिमिटेड प्रदर्शनीमार्ग, काठमाण्डौं |
| १० | गोर्खाज फाइनान्स लिमिटेड डिल्लीबजार, काठमाण्डौं |
| ११ | श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड डिल्लीबजार, काठमाण्डौ |
| १२ | सेन्ट्रल फाइनान्स लि. कुपण्डोल, ललितपुर |

# खण्ड (घ)

## विशेष तथा अनुगमन निरीक्षण

निक्षेपकर्ताको हित विपरित कार्य गरेको वा अनियमितता भइरहेको वा सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको जस्ता विषयमा सार्वजनिक सञ्चार माध्यम तथा अन्य श्रोतवाट प्राप्त जानकारीका आधारमा कुनै पनि वित्त कम्पनीको विशेष निरीक्षण गर्ने गरिएको छ । साथै, वित्तीय संस्थाहरुको निरीक्षण प्रतिवेदनमा औल्याइएका कैफियतहरु सुधार गर्ने क्रममा दिइएको निर्देशन पालनाको स्थितिको समेत आवश्यकता अनुसार अनुगमन निरीक्षण गरिन्छ । यसैले गर्दा वित्त कम्पनीहरुको अनुगमन तथा निरीक्षण कार्य एउटा निरन्तर प्रक्रिया अन्तर्गत पर्दछ ।

### १. विशेष निरीक्षण :

आर्थिक वर्ष २०७३।७४ मा देहाय बमोजिम ४ वटा वित्त कम्पनीहरुको विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ :-

(१) लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड, ठमेल ।
(२) पश्चिमाञ्चल फाइनान्स लिमिटेड, वुटवल ।
(३) सृजना फाइनान्स लिमिटेड, विराटनगर, मोरङ्ग ।
(४) युनाइटेड फाइनान्स लिमिटेड, दरवारमार्ग, काठमाण्डौ ।

### २. अनुगमन निरीक्षण :

आर्थिक वर्ष २०७३।७४ मा देहाय बमोजिम ५ वटा वित्त कम्पनीहरुको अनुगमन निरीक्षण कार्य सम्पन्न गरिएको छ :-

(१) पोखरा फाइनान्स लिमिटेड, पोखरा, कास्की ।
(२) सृजना फाइनान्स लिमिटेड, विराटनगर, मोरङ्ग ।
(३) मल्टीपरपस फिनान्स कम्पनी लिमिटेड, राजविराज, सप्तरी ।
(४) रिलायन्स फाइनान्स लिमिटेड, प्रदर्शनीमार्ग, काठमाण्डौ ।
(५) सेन्ट्रल फाइनान्स लिमिटेड, कुपण्डोल, ललितपुर ।

## खण्ड (ङ)

## कार्यान्वयन (Enforcement)

स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरीवेक्षण प्रतिवेदन कार्यान्वयनका क्रममा आवश्यकता र कैफियतको सुभारका आधारमा प्रकृति अनुसार वित्त कम्पनी र तिनका पदाधिकारीहरुलाई आवश्यकता अनुसार निर्देशन दिने गरिएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशनहरु अन्तर्गत पुँजीकोष, वित्तीय स्रोत संकलन, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था, कर्जा निक्षेप अनुपात, अनिवार्य नगद मौज्दात अनुपात, वैधानिक तरलता अनुपात आदि निर्देशनहरुको पालनाको स्थिति देहाय बमोजिम रहेको छ :

**१. पुँजीकोष**

यस बैंकको निर्देशन अनुसार वित्त कम्पनीहरूले कुल जोखिम भारित सम्पत्तिको न्यूनत्तम ५.५ प्रतिशत प्राथमिक पुँजी र ११.० प्रतिशत पुँजीकोष कायम गर्नुपर्नेमा २०७४ असार मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा सम्पूर्ण वित्त कम्पनीहरु (समस्याग्रस्त वित्त कम्पनीहरु वाहेक) को तोकिएको पुँजीकोष कायम गरेको देखिन्छ ।

**२. वित्तीय स्रोत संकलन :**

वित्त कम्पनीहरूले प्राथमिक पुँजीको १५ गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने निर्देशनात्मक व्यवस्था रहेकोमा २०७४ असार मसान्तसम्ममा सबै वित्त कम्पनीहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

**३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था :**

**(क) सक्रिय कर्जा नोक्सानी व्यवस्था** :

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रत्येक त्रयमासमा कर्जा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था अनुसार २०७४ साल असार मसान्तमा सबै वित्त कम्पनीले सक्रिय कर्जा नोक्सानी व्यवस्था वापत न्यूनतम १.० प्रतिशत कायम गरी उक्त निर्देशनको पालना गरेको देखिन्छ ।

**(ख) निष्कृय कर्जा :**

२०७४ साल असार मसान्तमा देहाय बमोजिम ५ वटा वित्त कम्पनीहरुको कुल कर्जामा निष्कृय कर्जा अनुपात ५.० प्रतिशत भन्दा माथि रहेको पाइएको छ ।

| क्र.सं. | वित्त कम्पनीको नाम | कुल कर्जामा निष्कृय कर्जा अनुपात |
|---|---|---|
| १. | युनियन फाइनान्स लिमिटेड | १६.८० |
| २. | जनरल फाइनान्स लिमिटेड | ८४.९३ |
| ३. | जानकी फाइनान्स लिमिटेड | ६.८३ |
| ४. | अरुण फाइनान्स लिमिटेड | ७०.१८ |
| ५. | सिनर्जी फाइनान्स लिमिटेड | १९.५५ |

**४. लगानी :**

वित्त कम्पनीहरुले सबै संस्थाको शेयर तथा डिवेञ्चरमा गत त्रयमासको आफ्नो प्राथमिक पुँजीको ३०.० प्रतिशतसम्म मात्र लगानी गर्न पाउने निर्देशनात्मक व्यवस्था रहेकोमा २०७४ साल असार मसान्तसम्ममा गोर्खाज फाइनान्सले ३३.८५ प्रतिशत लगानी गरेको पाइयो । शेयर तथा डिवेञ्चरमा गत त्रयमासको प्राथमिक पुँजीको ३०.०० प्रतिशत भन्दा बढी भएको लगानी आफ्नो पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट  घटाउनु पर्नेमा यसो गरेको पाइएन ।

## ५. कर्जा निक्षेप तथा प्राथमिक पुँजी अनुपात :

यस बैंकको एकीकृत निर्देशन, २०७३ को निर्देशन नं. ५ बुँदा नं. २ को उपबुँदा नं. ५ बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरुको स्रोत परिचालन (स्वदेशी निक्षेप तथा प्राथमिक पुँजी) मा कूल कर्जा तथा सापटको अनुपात ८०.० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएकोमा २०७४ असार मसान्तमा देहायका वित्त कम्पनीहरुले सो निर्देशनको पालना गरेको पाईएन :

| क्र.सं. | वित्त कम्पनीको नाम | कुल कर्जामा प्राथमिक पुँजी तथा स्वदेशी निक्षेप अनुपात |
|---|---|---|
| १. | जनरल फाइनान्स लिमिटेड | ९९.१० |
| २. | मल्टीपरपस फाइनान्स लिमिटेड | ८०.३० |
| ३. | मञ्जुश्री फाइनान्स लिमिटेड | ८६.८२ |

## ६. अनिवार्य नगद मौज्दात :

"ग" वर्गका वित्तीय संस्थाहरुले कुल निक्षेप दायित्वको ४ प्रतिशत (चल्ती तथा कल खाता संचालन नगर्ने संस्थाको हकमा २ प्रतिशत) अनिवार्य नगद मौज्दात कायम गर्नु पर्ने व्यवस्था रहेकोमा जेविल्स फाइनान्स लिमिटेड बाहेक अन्य सबै फाइनान्स कम्पनीहरुले २०७४ असार मसान्तमा सो प्रावधानको पालना गरेको पाइयो । आ.ब.२०७३/०७४ मा जेविल्स फाइनान्स लि. लाइ तोकिएको अनिवार्य नगद मौज्दात कायम नगरेकोले रु. ३२,७४७८८ हर्जाना लगाइएको ।

## ७. वैधानिक तरलता अनुपात :

यस बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरूलाई जारी भएको निर्देशन अनुसार "ग" वर्गका वित्तीय संस्थाहरुले अघिल्लो महिनाको अन्त्यमा कायम रहेको कुल स्वदेशी निक्षेप दायित्वको ८.० प्रतिशत (चल्ती तथा कल खाता संचालन नगर्ने संस्थाको हकमा ६.० प्रतिशत) वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा सबै फाइनान्स कम्पनीहरुले २०७४ असार मसान्तमा सो प्रावधानको पालना गरेको पाइयो ।

## ८. विपन्न वर्ग कर्जा स्थिति :

"ग" वर्गका वित्तीय संस्थाहरुले विपन्न वर्गमा छ महिना अघि (२०७३ पुस मसान्त) को कुल कर्जाको न्यूनतम ४.० प्रतिशत कर्जा प्रवाह गर्नु पर्ने निर्देशन रहेकोमा अरुण फाइनान्स (२.०१ प्रतिशत) बाहेक सबै वित्त कम्पनीहरुले २०७४ असार मसान्तमा सो प्रावधानको पालना गरेको पाइयो । अरुण फाइनान्स लिमिटेडलाई समस्याग्रस्तबाट फुकुवा गरी नियमित रुपमा कारोवार गर्ने स्वीकृति प्रदान गर्दाका बखत यस बैंकले बिगतमा दिएका निर्देशनहरु तथा संस्थागत सुशासन सम्बन्धी यस बैंकबाट जारी निर्देशनहरुको पूर्ण पालना गर्न निर्देशन भएको ।

## ९. व्याजदर :

यस बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरूलाई जारी भएको निर्देशन २०७३ अनुसार संस्थाले निक्षेपमा दिने र कर्जामा लिने व्याजदर विवरण प्रत्येक त्रैमासिक अवधि समाप्त भएको १ महिनाभित्र राष्ट्रिय दैनिक पत्रिका मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सबै वित्त कम्पनीहरुले सो प्रावधानको पालना गरेको पाइयो ।

## १०. नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा :

देशको समग्र आर्थिक, मौद्रिक स्थिति एवं वित्तीय गतिविधिको मूल्यांकन एवं विश्लेषण गर्ने साथसाथै इजाजतपत्र प्राप्त संस्थाको गैरस्थलगत सुपरिवेक्षण गर्ने सन्दर्भमा बैंकिङ्ग तथा वित्तीय तथ्याङ्कको महत्वपूर्ण भूमिका रहने हुँदा तथ्याङ्क विवरणहरु उपलव्ध गराउन यस बैंकबाट जारी भएको एकीकृत निर्देशन, २०७३ को निर्देशन नं. ९ बमोजिम वित्तीय विवरणहरु यस बैंकमा पठाउनु पर्ने व्यवस्थाको पालना भएको देखिन्छ ।

# खण्ड (च)

## नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि

बैंक तथा वित्तीय संस्थाहरुको समग्र कारोवारलाई निरीक्षण तथा सुपरीवेक्षण गर्न २०६८ साल सम्मको नेपाल राष्ट्र बैंकको संरचनामा बैंक सुपरीवेक्षण विभाग र वित्तीय संस्था सुपरीवेक्षण विभाग रहेकोमा वित्तीय संस्थाहरुको कारोवार क्षेत्र र कार्य प्रकृतिको आधारमा गैर वैक सुपरीवेक्षण विभागलाई विकास बैंक सुपरीवेक्षण विभाग र वित्त कम्पनी सुपरीवेक्षण विभाग गरी २ वटा विभागमा विभाजन गरी कार्य सम्पादन हुँदै आएको छ। सोही अनुसार यस बिभागको क्षेत्राधिकार वित्त कम्पनीहरुको समिष्टिगत स्थलगत निरिक्षण र गैर स्थलगत सुपरिवेक्षण सम्वन्धी सम्पूर्ण कार्य हुंदै आएको छ । यस विभागको उद्देश्य हासिल गर्न (क) गैर स्थलगत सुपरीवेक्षण इकाइ (ख) कार्यान्वयन इकाइ (ग) नीति तथा योजना इकाइ (घ) आन्तरिक प्रशासन इकाइ गरी ४ वटा इकाइहरुमा विभागीय संरचना तयार गरी विभागको सम्पूर्ण कार्य सम्पादन भइरहेको छ।

विभागको लागि बजेट तथा बार्षिक कार्ययोजनाको प्रस्ताव तयार गर्ने, स्वीकृत बार्षिक कार्ययोजना कार्यान्वयन गर्ने र निरीक्षण तथा सुपरिवेक्षणको वार्षिक प्रतिवेदन तयार गर्ने कार्य नीति तथा योजना इकाइले गर्दै आएको छ । आन्तरिक प्रशासन इकाइले विभागसँग सम्वन्धित पत्राचारहरु गर्ने, विभागका कर्मचारीहरुको हाजिरी तथा विदा, सरुवाको अभिलेख राख्ने र दैनिक बिभागीय कार्य संचालन सम्वन्धमा आवश्यक कार्यहरु सम्पादन गरी गरिएको काम कारवाहीको अभिलेख अद्यावधिक राख्ने काम गर्दै आएको छ । विभागले गर्ने निरीक्षण तथा सुपरीवेक्षणसँग सम्वन्धित अन्तरक्रिया, गोष्ठी, सेमिनार एबं कार्यशाला जस्ता कार्यक्रम संचालन गर्ने काम समेत आन्तरिक प्रशासन इकाइले गर्दछ । यस विभागबाट समीक्षा अवधिमा तीनवटा अनुशिक्षण कार्यक्रम सम्पन्न भएका छन् ।

यस विभागमा कार्यकारी निर्देशक १, निर्देशक २, उप निर्देशक ५, सहायक निर्देशक १०, सहायक स्तरका १ र कार्यालय सहयोगी १ जना गरी कुल २० जना कर्मचारीहरुको दरबन्दी रहेकोमा कार्यकारी निर्देशक १, निर्देशक २, उप निर्देशक ४, सहायक निर्देशक १०, सहायक स्तरका १ र कार्यालय सहयोगी २ जना गरी जम्मा १९ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

अनुसूची १

**वित्त कम्पनीहरुको नामावली**
**(२०७४, असार मसान्त)**

| क. सं. | वित्त कम्पनीको नाम | कैफियत |
|---|---|---|
| १. | नेपाल फाइनान्स लिमिटेड, कमलादी, काठमाण्डौं | मिति २०७१।८।१७ मा समस्याग्रस्त घोषित । |
| २. | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड, रामशाहपथ, काठमाण्डौं | मिति २०६८।९।८ मा समस्याग्रस्त घोषित । |
| ३. | गुडविल फाइनान्स लिमिटेड, डिल्लीबजार, काठमाण्डौ | |
| ४. | ललितपुर फाइनान्स लि. लगनखेल, ललितपुर | ०७४।८।१९ को सञ्चालक समितिको ४० औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ५. | युनाइटेड फाइनान्स लिमिटेड, दरवारमार्ग, काठमाण्डौं | |
| ६. | बेष्ट (जनरल) फाईनान्स लि., चाबहिल, काठमाण्डौ | २०७३।८।२७ मा समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ७. | प्रोग्रेसिभ फाइनान्स लिमिटेड, न्यूरोड | |
| ८. | जानकी फाइनान्स लिमिटेड, जनकपुर,धनुषा | |
| ९. | पोखरा फाइनान्स लिमिटेड, पोखरा, कास्की | |
| १० | अरुण फाईनान्स लिमिटेड, धरान | ०७३।१०।१२ को सञ्चालक समितिको ६६ औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| ११ | मल्टीपरपस फिनान्स कं.लि. राजविराज, सप्तर | |
| १२ | सृजना फाइनान्स लिमिटेड, विराटनगर, मोरङ्ग | |
| १३ | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लिमिटेड, हेटौंडा, मकवानपुर | मिति २०७०।१।५ मा समस्याग्रस्त घोषित । |
| १४ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड, बत्तिसपुतली, काठमाण्डौ | मिति २०६९।१०।९ मा समस्याग्रस्त घोषित । |
| १५ | क्रिष्टल फाइनान्स लिमिटेड, थापाथली, काठमाण्डौ | मिति २०६९।६।७ मा समस्याग्रस्त घोषित। |
| १६. | गुहेश्वरी म. बैकिङ्ग एण्ड फा. लिमिटेड, ललितपुर | |
| १७ | आईसिएफसी फाइनान्स लिमिटेड, भाटभटेनी, काठमाण्डौं | |
| १८. | कुबेर मर्चेण्ट फाइनान्स लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौं | ०७४।८।१९ को सञ्चालक समितिको ४० औं बैठकको निर्णय अनुसार समस्याग्रस्त अवस्थाबाट फुकुवा भएको । |
| १९. | सेती फाइनान्स लिमिटेड, टिकापुर, कैलाली | |
| २०. | मञ्जुश्री फाइनान्स लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं | |
| २१ | जेविल्स फाइनान्स लिमिटेड, न्यूरोड, काठमाण्डौं | |
| २२. | सिनर्जी फाइनान्स लिमिटेड, बुटवल, रुपन्देही | |
| २३. | रिलायन्स फाइनान्स लिमिटेड, लिमिटेड, प्रदर्शनीमार्ग | |
| २४. | गोर्खाज फाइनान्स लिमिटेड, डिल्लीबजार | |
| २५. | श्रीइन्भेष्टमेण्ट एण्ड फाइनान्स लिमिटेड, डिल्लीबजार | |
| २६. | सेन्ट्रल फाइनान्स लिमिटेड, कुपण्डोल, ललितपुर | |
| २७ | एन.आई.डि.सि.क्यापिटल मार्केट | सनराइज बैंकले एक्वाएर गरी २०७३।१०।२८ बाट एकिकृत कारोवार गरेको । |
| २८ | भक्तपुर फाइनान्स लिमिटेड, भक्तपुर | सेन्ट्रल फाइनान्स लि. संग मर्जर भई २०७३।१२।१० बाट एकिकृत कारोवार । |

| | | |
|---|---|---|
| २९ | पश्चिमाञ्चल फाईनान्स लिमिटेड, बुटबल | कुमारी वैक लि.ले ले एक्वाएर गरी २०७४।३।१२ बाट एकिकृत कारोवार गरेको । |
| ३० | हामा मर्चेण्ट एण्ड फा. लिमिटेड, त्रिपुरेश्वर | सिभिल वैक लि. ले (एक्वाएर) गरी २०७४।३।१८ बाट एकिकृत कारोवार गरेको । |
| ३१ | युनिक फाइनान्स लिमिटेड, न्यूप्लाजा, पुतलीसडक | सिभिल वैक लि. ले एक्वाएर गरी २०७४।३।१८ बाट एकिकृत कारोवार गरेको । |
| ३२ | लुम्विनी फाइनान्स एण्ड लिजिंग लि., ठमेल, काठमाण्डौं | भिवोर सोसाइटी डेभलपमेण्ट बैंक लि संग मर्ज भई लुम्बिनी विकास बैंकको नाममा २०७४।३।२५ बाट एकिकृत कारोवार गरेको । |
| ३३ | सगरमाथा फाइनान्स लिमिटेड, ललितपुर | सेञ्चुरी कमर्सियल बैंक लि. ले एक्वाएर गरी ०७४।३।३० बाट एकिकृत कारोवार । |
| ३४ | # नमस्ते वित्तिय संस्था लिमिटेड, घोराही, दाङ्ग | वेस्टन डेभलपमेण्ट बैंक संग २०७४।६।२९ बाट एकिकृत कारोवार सुरु |
| ३५ | युनियन फाइनान्स लिमिटेड, नारायणचौर, नक्साल, | देव विकाश बैंक (एक्वाएर) २०७४।७।२३ बाट एकिकृत कारोवार सुरु । |

# अनुसूची २

**Financial Indicator of Finance Companies (Provisional)**
**(2074 Ashad)**

| S. N. | Finance Co. | Paid up Capital in 000 | Core Capital in 000 | Capital Fund to RWA (%) | Total Deposits in 000 | Loan and Advances (Gross) in 000 | Deprived Sector Loan (%) | CCD(%) | NPL (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gorkha Finance Ltd. | 762474.90 | 939624.71 | 23.47 | 4068746.48 | 3429244.98 | 4.67 | 71.73 | 4.72 |
| 2 | Union Finance Ltd. | 176585.40 | 74477.32 | 12.38 | 801692.45 | 658438.98 | 4.35 | 74.41 | 16.80 |
| 3 | Goodwill Finance Ltd. | 453750.00 | 736349.42 | 16.43 | 4650964.48 | 3719453.02 | 11.35 | 70.92 | 1.51 |
| 4 | Sri Investment & Finance Co. Ltd. | 345448.87 | 586760.41 | 18.96 | 3335400.62 | 2851138.34 | 4.22 | 75.10 | 0.25 |
| 5 | United Finance Co. Ltd. | 672705.10 | 957861.72 | 19.04 | 5445479.14 | 4749288.44 | 4.41 | 74.54 | 0.44 |
| 6 | General Finance Ltd. | 132228.00 | 104703.00 | 36.06 | 100239.00 | 200084.00 | 4.44 | 99.10 | 84.93 |
| 7 | Progressive Finance Ltd. | 210000.00 | 227672.80 | 35.38 | 546721.39 | 605158.64 | 9.23 | 78.52 | 1.67 |
| 8 | Janaki Finance Ltd | 341859.10 | 623605.19 | 39.18 | 1393663.84 | 1467916.68 | 4.01 | 75.37 | 6.83 |
| 9 | Pokhara Finance Ltd. | 557420.29 | 772045.35 | 20.39 | 3611121.99 | 3320235.00 | 4.40 | 76.05 | 1.41 |
| 10 | Central Finance Ltd. | 520662.82 | 680280.91 | 25.73 | 2732682.85 | 2412997.57 | 4.72 | 70.87 | 1.86 |
| 11 | Arun Finance Ltd. | 150000.00 | 85735.60 | 29.63 | 36314.19 | 65965.97 | * 2.01 | 61.74 | 70.18 |
| 12 | Multipurpose Finance Co. Ltd. | 41473.60 | 57875.77 | 28.24 | 154934.87 | 169031.36 | 4.75 | 80.30 | 4.29 |
| 13 | Synergy Finance Ltd. | 474409.00 | 304613.00 | 14.66 | 1864578.00 | 1678114.00 | 4.69 | 76.10 | 19.55 |
| 14 | Srijana Finance Ltd. | 302400.00 | 558616.30 | 18.19 | 3368243.44 | 2755576.00 | 6.10 | 71.61 | 0.66 |
| 15 | Guheshwori Merchant Banking & Finance Ltd. | 493482.19 | 775451.98 | 30.62 | 2454694.80 | 2115886.05 | 4.65 | 68.07 | 0.29 |
| 16 | ICFC Finance Ltd. | 801783.87 | 1156146.00 | 16.24 | 6797788.01 | 5586295.70 | 5.02 | 71.00 | 0.75 |
| 17 | Seti Finance Ltd. | 152603.21 | 177404.63 | 38.41 | 381725.67 | 351702.00 | 5.79 | 64.85 | 3.61 |
| 18 | Namaste Finance Ltd. | 84000.00 | 107123.89 | 33.44 | 343705.70 | 268820.35 | 6.16 | 60.31 | 0.72 |
| 19 | Manjushree Finance Ltd. | 724378.50 | 806608.55 | 19.93 | 3584603.45 | 3700976.84 | 7.62 | 86.82 | 2.34 |
| 20 | Jebils Finance Ltd. | 288956.25 | 365168.73 | 30.80 | 1160595.52 | 1126396.45 | 4.60 | 74.74 | 2.60 |
| 21 | Reliance Finance Ltd. | 512571.47 | 679731.75 | 21.71 | 3233000.92 | 2652522.18 | 4.09 | 69.29 | 1.65 |
| | **Grand Total** | **8199192.57** | **10777857.04** | **21.25** | **50066896.79** | **43885242.55** | **5.51** | **73.51** | **3.08** |

* समस्याग्रस्तबाट फुकुवा गरी नियमित रुपमा कारोवार गर्ने स्वीकृति भएको ।